**छलफलका एजेण्डाहरू**

१. स्वीकृत भुक्तानी बाँकीको कच्चावारी अनुमोदन गरि भुक्तानीको लागि बजेटको व्यवस्थापन गर्ने सम्वन्धमा ।
२. करार सेवामा कार्यरत कर्मचारीको म्याद थप गर्ने सम्वन्धमा ।
३. वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका स्वीकृत गर्ने सम्वन्धमा।
४. स्वीकृत दरवन्दीमा सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धमा।
५. मादपदण्ड स्वीकृत गरि लागु गर्ने सम्वन्धमा ।
६. कामकाज सम्वन्धमा ।
७. थप सेवा सुविधा सम्वन्धमा ।
८. सडक हेरालु सम्वन्धमा ।
९. गाउँपालिकाको न्यूनतम दररेट स्वीकृत गर्ने सम्वन्धमा ।
१०.कार्यक्रम सञ्चालन मार्गदर्शन स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णयहरू**

**निर्णय नं १**

आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भई कार्यान्वनयन भएको विभिन्न योजना तथा कार्यक्रम सम्पन्न भएर कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भई सबै प्रकृया पुरा गरेर कानून बमोजिम भुक्तानीको लागि पेश भएकोमा आर्थिक वर्षको अन्तिममा स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सूत्र) निरन्तर सञ्चालन हुन नसकेको कारणले भुक्तानी हुन नसकि दायित्व सृजना भएका योजना तथा कार्यक्रमको नियमानुसार भुक्तानी बाँकीको कच्चावारी (म.ले.प. फाराम नं २२१) स्वीकृत भई गाउँ कार्यपालिका बैठकमा पेश भएकोमा स्वीकृत भुक्तानी बाँकीको कच्चावारी अनुमोदन गरि स्वीकृत भुक्तानी बाँकीको कच्चावारीमा उल्लेख भए बमोजिम रू ७ करोड ४७ लाख १४ हजार ६ सय ५० भुक्तानी हुन नसकी दायित्व सृजना भएको र त्यसको भुक्तानीको लागि चालु आर्थिक वर्षमा बजेट स्वीकृत नभएकाले आर्थिक वर्ष २०८३/०८४ को लागि श्रोत अनुमान गर्दा नगद मौज्दात तर्फ रु ४ करोड मात्र अनुमान गरि बजेटमा समावेश गरेकोमा आर्थिक वर्ष २०८२/०८३ मा SuTRA प्रणाली सञ्चालन हुन नसक्दा सम्पन्न भई कानून बमोजिम भुक्तानी योग्य योजना तथा कार्यक्रमको भुक्तानी हुन नसकेकाले रु ४ करोड भन्दा बाहेक पनि स्थानीय सञ्चित कोषमा दायित्व सृजना भएका योजना तथा कार्यक्रमको भुक्तानि दिन पुग्ने गरि अतिरिक्त मौज्दात देखिएकाले अतिरिक्त मौज्दात रकम मध्येबाट रु ७ करोड ४७ लाख १४ हजार ६ सय ५० दायित्व सृजना भएका योजना तथा कार्यक्रममा विनियोजन गर्ने गरि गाउँसभाको विशेष अधिवेसनमा पुरक अनुमान पेश गर्ने ।

**निर्णय नं २**

उमाकुण्ड गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादन सन्तोषजनक रहेको र गाउँपालिकाकाको स्वीकृत दरवन्दीमा तत्काल स्थायी पदपूर्ति समेत हुन सक्ने अवस्था नभएकाले गाउँ कार्यपालिकाको कार्यालय र मातहतको कार्यालयहरूको कार्यसम्पादनलाई समेत ध्यान दिई स्थायी पदपूर्ति भई आएका बखत स्वत करार सेवा सम्झौता रद्ध हुने गरी मिति २०८३ साल श्रावण १ गते देखि लागु हुने गरी २०८३ साल पुस मसान्त सम्मको लागि करार सेवा अवधि थप गर्ने ।

**निर्णय नं ३**

सबै वडा कार्यालय र कार्यक्रम कार्यान्वय गर्ने शाखाहरूले पेश गरेको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यतालिका स्वीकृत गरि लागु गर्ने ।

**निर्णय नं ४**

उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त एम. आई.एस. अपरेटर (सहायकस्तर पाँचौ) १ जना, हे.अ. (सहायकस्तर पाँचौ) १ जना, स्टाफ नर्स (सहायकस्तर पाँचौ) १ जना, नायव पशु स्वास्थ्य प्राविधिक (सहायकस्तर चौथो) २ जना, नायव प्राविधिक सहायक(कृषि) सहायकस्तर चौथो १ जना, अ.हे.व. (सहायकस्तर चौथो)

२ जना र अ.न.मि. (सहायकस्तर चौथो) १ जना स्थायी पदपूर्ति भई आएमा स्वतः करार सम्झौता रद्ध हुने गरि बढीमा १ वर्षको लागि सेवा करारमा लिन विज्ञापन प्रकाशन गर्ने ।

**निर्णय नं ५**

उमाकुण्ड गाउँपालिकाको बाल विकास केन्द्र सञ्चालन मापदण्ड २०८३, बाल उद्यान सहितको सकाइ श्रोत केन्द्र मापदण्ड २०८३ र शैक्षिक संस्थाको सवारी मापदण्ड २०८३ स्वीकृत गरि लागु गर्ने ।

**निर्णय नं ६**

बाम्ति आधारभूत अस्पतालमा एम्वुलेन्स चालक पदमा कार्यरत सिवन सुनुवारलाई एम्वुलेन्सको व्यवस्थापन नभए सम्मको लागि बाँम्ति अस्पताल र गाउँ कार्यपालिकाको कार्यालयमा टिफर चालक पदमा कार्यरत खुद बहादुर मंग्रातिलाई टिफर मर्मत संभार भई सञ्चालन योग्य नभए सम्मको लागि प्रिति अस्पतालमा हाजिर गर्ने गरि अस्पतालको रेखदेख र सुरक्षा गर्न थप कामकाजको जिम्मेवारी तोक्ने ।

**निर्णय नं ७**

बाम्ति आधारभूत अस्पताल र प्रिति अस्पतालमा कार्यरत मेडिकल अधिकृतको लागि युएसजी, भिडियो एक्सरे, ल्याव, एक्सरे, र इसिजि सेवा सञ्चालन गरे वापत संकलन हुने कुल रकमको १५ प्रतिशत भत्ता उपलव्ध गराउने र प्रयोगशालामा कार्यरत कर्मचारीहरूलाई सुरु तलव स्केलको १० प्रतिशत जोखिम भत्ता उपलव्ध गराउने ।

**निर्णय नं ८**

उमाकुण्ड गाउँपालिका ७ नं वडा समितिकको सडक हेरालु तोक्ने निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं ९**

न्यूनतम दररेट निर्धारण समितिले आर्थिक वर्ष २०८३/०८४ को लागि निर्धारण गरेको न्यूनतम दररेट स्वीकृत गरि लागु गर्ने ।

**निर्णय नं १०**

चालु आर्थिक वर्ष २०८३/०८४ मा स्वास्थ्य तर्फ स्वीकृत वार्षिक योजना कार्यक्रम सञ्चालन सम्वन्धी मार्गदर्शन २०८३ स्वीकृत गर्ने ।